कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

**निर्णय नं. १:-**

यस कोहलपुरनगरपालिकाको समपुरक कोषबाट तपसिलका योजनाहरु उपभोक्ता समितिको नगदलागत सहभागिता ३० प्रतिशत र नगरपालिकाको अनुदान७० प्रतिशतबाट संचालनगरिने निर्णय गरियो ।

तपसिल :-

क) वडा नं. २ तटबन्धन र ग्रभाभेल रु.४लाख
ख) वडा नं. ३ ढल निर्माण रु.१० लाख
ग)वडा नं. ६, ५ र ११ ढल निर्माण रु.१४ लाख
घ) वडा नं. ६ र ११नाली निर्माण रु.८ लाख
ङ) वडा नं. १३ जङ्गली जनावर छेक्न तार बार रु.९ लाख
च) वडा नं. १२ मा पुरानानालीहरुको ढल निकास खोल्ने रु.५ लाख

**निर्णय नं. २:-**

कोहलपुर नगरपालिकाको विभिन्न वडाबाट ह्यूमपाइप माग अत्याधिक भएको र थोरै संख्यामा ह्यूमपाइप खरीद भएको हुँदा वडामा तपसिल बमोजिमको ह्यूमपाइप उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल :-

वडा नं. १ - ६० एम.एम. २ थान
वडा नं. २ - ४५ एम.एम. २ थान
वडा नं. ३ - ६० एम.एम. २ थान
वडा नं. ४ - ६०एम.एम. २ थान र ९० एम.एम.२ थान
वडा नं. ५ - ४५ एम.एम. २ थान
वडा नं. ६ - ४५ एम.एम. २ थान
वडा नं. ७ - ६० एम.एम. १ थान
वडा नं. ८ - ६० एम.एम. २ थान
वडा नं. ९ - ६०एम.एम. २ थान
वडा नं. १० - ४५ एम.एम. २थान
वडा नं. ११ - ४५ एम.एम. २ थान
वडा नं. १२ - ६०एम.एम. २ थान र ३० एम.एम. ४ थान
वडा नं. १३ - ३० एम.एम. ३थान
वडा नं. १४ - ४५ एम.एम. २ थान
वडा नं. १५ - ४५ एम.एम. २ थान

**निर्णय नं. ३:-**

कोहलपुर नगरपालिकाको मिति २०७४/८/८गते बसेको कार्यपालिकाको बैठकमा निर्णय भएअनुसार हाललाई सोही सडक मापदण्ड कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:-**

गैह्रसरकारी संस्था समन्वय सम्बन्धी निर्देशिका -२०७५ को कार्यपालिकाको सदस्यहरुले अध्ययन गरी आगामी कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:-**

सार्वजनिक जग्गा अतिक्रमण सम्बन्धी परेका उजुरी सम्बन्धमा आगामी कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:-**

वडा नं. १४ मा पर्ने सृजना टोल पुर्ण बहादुर सुनारको घर देखि पक्की नाली निर्माणको सम्झौतागर्नु पूर्व उक्त बाटोको स्थलगत अनुगमन गरी निर्माण कार्य सम्बन्धमा निश्कर्ष दिने निर्णय गरियो ।

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

**निर्णय नं. ७:-**

वडा नं. ९ मधेशी मुस्लिम टोलमा बाटो मापदण्ड अनुसार नभएको हुँदा उक्त योजनामा विनियोजन गरेको रकम आसिक हुसेनको घर देखि मस्जिद सम्म दुवै तिर नाला निर्माण गर्ने र झण्डहवामा मुल बाटो बाहेकका अन्य गल्लीहरुमा ग्रयाभेल गरी आवश्यक ह्यूमपाइप विछ्याउन मापदण्ड नपुगेकोले उक्त विनियोजित बजेटबाट थौरा चोक देखि मस्जिद सम्म वडा समितिको बैठक् अनुसार नालीनिर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८:-**

नगर शिक्षा शाखाको मिति २०७५/२/६ को प्राप्त पत्रानुसार नगरपालिका वडा नं. ११ मा संचालन रहेको कोहलपुर पाठशाला कोहलपुर वडा नं. २ मा ठाँउसारी र भरोसा एकेडेमी पूर्व प्राथमिकको नयाँ अनुमती सम्बन्धमा छलफल अनुगमन तथा सुपरिवेक्षण गर्दा मापदण्ड पुरा नभएको पाइएमा जुनसुकै बखत स्वत बदर गर्न सकिने गरी हाललाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९:-**

कोहलपुर नगरपालिकामा २०७५/१/१७ गते परेको हावा हुरी र असिना पानीका कारण क्षती पुग्न गएको १० वटा गन्धर्व घर र १ थारु परिवारलाई तत्कालको लागि राहत सामग्री दिने र घरको नाप बमोजिम जस्ता पाता विपद् व्यवस्थापन शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १०:-**

विद्युतीकरणको शिर्षकबाट खरीद भई कार्यालयमा दाखिला भएका ट्रान्सफर्मरहरु तपसिलका वडाहरुमा वितरण गर्ने निर्णय गरियो ।

**तपसिल:**

क) वडा नं. २ विकासनगर
ख) वडा नं. ३ शान्ति टोल
ग) वडा नं. ५ सिद्धार्थ स्कुलपश्चिम चटिया टोल
घ) वडा नं. ६ को बुद्ध चोक
ङ) वडा नं. ७ रजगढवा
च) वडा नं. १२ मसुरीखेत
छ) वडा नं. १३ खड्गवार
ज) वडा नं. १४ ठाँडा
झ) वडा नं. १५ प्रेमपुर्वा
ञ) कोहलपुर नगरपालिकाकार्यालय १ थान

**निर्णय नं. ११:-**

कोहलपुर वडा नं. ५ स्थित मनकामना चोक देखि उत्तर बाटो ग्रयाभेलको योजनालाई संशोधन गरी सोही स्थानमा पक्की नाला निर्माण गर्ने र रझेना थारु गाँउ वडा नं. ५ अन्र्तगत विभिन्न बाटाहरु ग्रयाभेलका लागि छुट्याइएका योजनाहरु संशोधन गरी रझेना आजाद चोक मन्दिर सम्म सडक ग्रयाभेल गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२:-**

कोहलपुर नगरपालिका वडा नं. १२ अन्र्तगत पर्ने तपसिलका बाढी पिडित परिवारलाई जनही १५०० का दरले विपद् कोषबाट राहत उपलब्ध गराउने निर्णय गरियो ।

**तपसिल :-**

क) श्री विर बहादुर बि.क.
ख) श्री कमला सापकोटा

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके

प्रेम प्रसाद देवकोटा
...प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

निर्णय नं. १३:-

कोहलपुर नगरपालिकाको नाममा अक्षयकोष स्थापना गर्ने निर्णय गरियो ।

निर्णय नं. १४:-

बाँके नेत्रहिन क्रिकेट संघलाई सातौं राष्ट्रिय दृष्टि विहिन क्रिकेट प्रतियोगितामा सहभागी हुन खेलकुद शिर्षकबाट रु.१० हजार सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं.१५:-

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ बमोजिम समन्वय समितिमा कार्यपालिकाको सदस्यहरु मध्येबाट श्री लिला पाण्डेलाई र अन्य तोकिएका पदाधिकारीबाट मनोनित हुने सदस्यहरु रहने गरी स्थानीय समन्वय समितिलाई पुर्णता दिने निर्णय गरियो ।

निर्णय नं. १६:-

कोहलपुर नगरपालिका वडा नं. १३ मा बस्ने रेशम बहादुर थापाको मिति २०७४/३/६ गते आएको वर्षाका कारण घर अगाडीको भाग कटान गरी क्षेती पुऱ्याएको हुँदा उक्त घर अगाडीको नालामा ग्याबिन जालिको लागि माग भएकोमा वडा नं. १५ को निर्माणाधिन योजना तार जाली ग्याबिनबाट बचेको रकमबाट सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. १७:-

यस कार्यालयको पूर्व कर्मचारी ढाल बहादुर डाँगीले पुनः वहाली पाँउ भनि यस कार्यालयमा निवेदन दिएकोमा सो विषयमा अध्ययन गरी अर्को कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. १८:-

कोहलपुर गौरवको योजना मध्ये त्रि.मा.वि. हुँदै गोल्छा सम्मको ढल निर्माण कार्य उपभोक्ता समिति मार्फत संचालन भई रहेको र बैशाख १६ र १९ गते परेको अविरल वर्षाका कारण ढल भत्किन गई क्षति पुगेको विषयमा यस नगरपालिकाबाट छानविन टोली गठन भएको सो छानविन टोलीको प्रतिवेदन सुनी छलफल गरियो ।

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)